राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

प्रेस-विज्ञप्ति

१४ माघ २०८२

अनशनरत अजय सोडारीको स्वास्थ्य अवस्थाप्रति गम्भीर हुन आग्रह

जेनजी आन्दोलनका बन्दी रिहा गर्नुपर्ने, विदेशमा रहेका नेपालीहरुलाई मतदानको अधिकार लगायतका विभिन्न मागहरु राखी विगत ९ दिनदेखि काठमाडौँको माइतिघरमा आमरण अनशनमा रहेका अजय सोडारीको स्वास्थ्य कमजोर बन्दै गएको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ।

यस सम्बन्धमा आयोगले मिति २०८२/१०/१३ गते अनुगमन गरेको छ। अनुगमनको क्रममा अनशनरत सोडारीको स्वास्थ्य परीक्षणमा खटिएका चिकित्सकसँग आयोगले निजको स्वास्थ्य अवस्था सम्बन्धमा जानकारी लिएको छ। सोडारीको स्वास्थ्य अवस्था कमजोर बन्दै गएको, रक्तचाप र पल्सरेट कम रहेकोले स्लाइनपानी दिइरहेको अनुगमनबाट पाइएको छ।

अत : अनशनरत व्यक्तिको स्वास्थ्य अवस्थाप्रति संवेदनशील भई प्रभावकारी स्वास्थ्य उपचारका लागि पहल गर्न, वार्ताको माध्यमबाट समस्याको समाधान गर्न र निजको जीवन रक्षा गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ।

.....
डा.टीकाराम पोखरेल
प्रवक्ता/सहसचिव

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौँ, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org, अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५
https://www.youtube.com/@nationalhumanrightscommiss4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalNHRC